# नेपाल स्टक एक्सचेन्ज लिमिटेड

## सिंहदरबार प्लाजा, काठमाण्डौं ।

### मिति २०६५/१/१३ गते शुक्रवार देखि २०६५/१/१८ गते वुधवार सम्मको कारोबार

यस साता नेपाल स्टक एक्सचेन्जमा ८८ कम्पनीहरुको कारोबार भएको छ । जस अनुसार ३३६७ कारोवारबाट ३४ करोड २५ लाख ३७ हजार रुपैयाँ बराबरका ४ लाख ३८ हजार ८ सय कित्ता शेयरहरु खरीदविक्री भएका छन । कारोबार रकममा गत साताको तुलनामा १.१९ प्रतिशतले वृद्धि भएको हो । गत साता १७३७ शेयर कारोवारबाट ३३ करोड ८४ लाख ८२ हजार रुपैयाँ बराबरका १३ लाख ८१ हजार ८८ कित्ता शेयरहरु खरिदविक्री भएका थिए ।

कुल कारोवारमध्ये ‘क’ बर्गका कम्पनीहरुको मात्र १७ करोड ५५ लाख रुपैयाँ बराबरको कारोवार भएको छ । यो कुल कारोबारको ५१.२४ प्रतिशत हो ।

साताको नेप्से परिसूचक पहिलो दिनको तुलनामा ७.४५ अंकले वृद्धि भई अन्तिम दिन ७३६.४६ विन्दुमा पुगेको छ ।

यसैगरी समूहगत परिसूचकहरुको उतारचढाव यस प्रकार रहेको छ ।

तालिका : १ साताका सूचकाङ्कहरु

| समूह / दिन | वाणिज्य वैंक | उत्पादन मूलक | होटल | अन्य | जलविद्युत | व्यापार | बीमा | वित्त | विकास वैंक | नेप्से इन्डेक्स | सेन्सेटिभ इन्डेक्स |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिलो | ७२०.२६ | ४१०.८० | ७०७.३८ | ८१७.४७ | १०४३.२० | १९३.७१ | ७४०.९४ | ९५४.११ | ९३२.२८ | ७२९.०१ | १८९.५६ |
| दोस्रो | ७२३.६८ | ४०७.३८ | ७०७.३८ | ८१७.४७ | १०३२.४५ | १९६.२८ | ७४०.७६ | ९५०.३९ | ९२७.४५ | ७३०.२८ | १९०.२२ |
| तेस्रो | ७२१.१६ | ४११.०६ | ४०४.०२ | ८१७.४७ | १०३२.४५ | १९६.७१ | ७३३.१४ | ९५७.१५ | ९२९.१६ | ७२८.७२ | १९०.०३ |
| चौथो | ७३२.०७ | ४११.१५ | ४०२.८७ | ८१७.४७ | १०३५.०३ | १९६.७१ | ७३३.५४ | ९५४.९३ | ९३८.१५ | ७३६.४६ | १९१.९७ |
| परिवर्तन | ११.८१ | ०.३५ | -४.५१ | ०.०० | -८.१७ | ३.०० | -७.४० | ०.८२ | ५.८७ | ७.४५ | २.४१ |

‘क’ वर्गका कम्पनीहरुको कारोवार मापन गर्ने सेन्सेटिभ इन्डेक्स २.४१ अंकले वृद्धि भई १९१.९७ अंकमा आईपुगेको छ ।

यस साता कारोबार रकम (१२ करोड ५५ लाख रुपैयाँ) तथा शेयर संख्या (१ लाख ४२ हजार कित्ता), को आधारमा किष्ट मर्चेन्ट वैंक एण्ड फाइनान्स र कारोवार संख्या (५२७) को आधारमा आईसिएफसि वित्तीय संस्था अग्रस्थानमा रहेको छ ।

तालिका : २, कारोवार रकमका आधारमा साताका उत्कृष्ठ ५ कम्पनीहरु :

| क्रम संख्या | कम्पनीको नाम | कारोवार रकम (रु. दशलाखमा) |
|---|---|---|
| १ | किस्ट मर्चेन्ट बैंकिग एण्ड फाईनान्स | १२५.५१ |
| २ | नेपाल वंगलादेश बैंक | ५८.८२ |
| ३ | बैंक अफ काठमाण्डू | २३.०५ |
| ४ | चिलिमे जलविद्युत कम्पनी | ९.८० |
| ५ | आईसिएफसि वित्तीय संस्था | ९.०३ |

यस साता नेपाल स्टक एक्सचेन्जको कारोबार कक्ष नियमित कारोबारका लागि ४ दिन खुला रह्यो । यस साता पनि ऋणपत्र तर्फ संस्थागत तथा सरकारी ऋणपत्रहरुको कुनै पनि कारोवार भएन ।

## सूचिकरण

यस साता सूचिकरण तर्फ नेपाल विकास वैंक लि. को ७,३८,०१० कित्ता हकप्रद शेयर, फेवा फाइनान्स लि. को २,००,००० कित्ता वोनस शेयर, ललितपुर फाइनान्स लि. को २,५३,१२५ कित्ता वोनस शेयर, रोयर मर्चेन्ट वैंकिगं एण्ड फाइनान्स लि. को ५४,१२१ कित्ता वोनस शेयर र इन्फास्ट्रक्चर डेभलपमेन्ट वैंक लि. को ८,००,००० कित्ता साधारण शेयर सूचिकृत भएको छ ।